आज मिति २०७९ साल भाद्र महिनाको ६ गते विहान ८ बजे बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बलेफी गाउँकार्यपालिका सिन्धुपाल्चोकको बैठक बस्यो र देहायका बिषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री गंगा बहादुर तामाङ | अध्यक्ष |
| श्री सरु लामा तामाङ | उपाध्यक्ष |
| श्री देवीलाल सापकोटा | सदस्य- सचिव |
| श्री हुप बहादुर खड्का | अध्यक्ष १ नं वडा कार्यालय |
| श्री छविलाल न्यौपाने | अध्यक्ष २ नं वडा कार्यालय |
| श्री रितेश तामाङ | अध्यक्ष ३ नं वडा कार्यालय |
| श्री सुर्जे तामाङ | अध्यक्ष ४ नं वडा कार्यालय |
| श्री श्री यादव ठकुरी | अध्यक्ष ५ नं वडा कार्यालय |
| श्री तेज बहादुर पराजुली | अध्यक्ष ६ नं वडा कार्यालय |
| श्री गृबिन्द्र कुमार चौलागाई | अध्यक्ष ७ नं वडा कार्यालय |
| श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष ८ नं वडा कार्यालय |
| श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य |
| श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य |
| श्री रश्मी तामाङ | कार्यपालिका सदस्य |
| श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य |
| श्री देवकी भुजेल | कार्यपालिका सदस्य |
| श्री कविता काफ्ले | कार्यपालिका सदस्य |

आमन्त्रित

| | |
|---|---|
| श्री केदार देवकोटा | लेखा अधिकृत सातौं |
| श्री कुशल अधिकारी | लेखापाल |
| श्री सुकलाल तामाङ | सहायक चौथो |

...का प्रस्तावहरु

१. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धमा
२. भू उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा
३. विविध ।

निर्णयहरु

१. नेपाल सरकारको "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८" का बिषयमा छलफल भयो। उक्त कार्यविधिले तोकेको मापदण्ड र शर्तहरु बमोजिम यस गाउँपालिकाका सबै वडाहरुमा रहेका त्यस्ता विमारीहरुलाई सम्बन्धित वडाबाट औषधि उपचार खर्च उपलब्ध गराउने प्रक्रियाको सुरुवात गर्न औषधी उपचार खर्च प्राप्त गर्न योग्य व्यक्तिहरुले सम्बन्धित वडामा निवेदन पेश गर्ने भनी सार्वजनिक सूचना प्रकाशन गर्ने र नियमानुसार औषधि उपचार खर्च उपलब्ध गराउने प्रक्रियाको सुरुवात गर्ने निर्णय गरियो ।
२. नेपाल सरकारको "भूउपयोग ऐन, २०७६" र भूउपयोग नियमावली, २०७९" को सम्बन्धमा छलफल गरियो। भूउपयोग ऐन, २०७६ को दफा ४ को उपदफा (६) बमोजिम गाउँपालिकाको भूउपयोग परिषद्ले भूउपयोग ऐन र नियमावलीमा तोकिएको भूउपयोग क्षेत्र वर्गिकरणका आधार, मापदण्ड तथा भूमि सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले तयार गरेको कार्यविधि बमोजिम बलेफी गाउँपालिकाको क्षेत्र भित्रको सबै भूमीलाई भूउपयोग क्षेत्रमा यथाशिघ्र वर्गीकरण गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।
३. देहाय बमोजिमका विविध निर्णयहरु गरियो:
   - बलेफी गाउँपालिका सिन्धुपाल्चोकका अध्यक्ष, उपाध्यक्ष र सबै वडा अध्यक्षहरुलाई सरकारी कामको प्रयोजनका लागि एक/एक वटा नेपाल टेलिकमको सिमकार्ड र एक/एक वटा मोवाईल सेट खरिद गरी उपलब्ध गराउने।
   - बलेफी गाउँपालिका सिन्धुपाल्चोकको कार्य संचालन निर्देशिका, २०७८ को दफा (६) को उपदफा (१) को देहाय "घ" मा रहेको "पाँच" भन्ने शब्दको सट्टा "दश" भन्ने शब्द राखी उक्त कार्य सञ्चालन निर्देशिका संशोधन गर्ने।

- बलेफी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बलेफी सिन्धुपाल्चोक पक्ष वा विपक्ष हुने गरी अड्डा अदालतमा दायर हुने/भएका कुनै पनि मुद्दा मामिला सम्बन्धी कार्य गर्नका लागि बलेफी गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट गर्नुपर्ने मुद्दामामिला सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि बलेफी गाउँ कार्यपालिकाको कार्यालय सिन्धुपाल्चोकका प्रमुख प्रशासकीय अधिकृत श्री देवीलाल सापकोटालाइ जिम्मेवारी दिने निर्णय गरियो ।
- बलेफी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय बलेफी सिन्धुपाल्चोक पक्ष वा विपक्ष हुने गरी अड्डा अदालतमा दायर हुने/भएका कुनै पनि मुद्दामा अदालतमा उपस्थित भइ बलेफी गाउँपालिकाको तर्फबाट बहस, पैरवी, प्रतिरक्षा गर्न, फिरादपत्र प्रतिउत्तर, निवेदन, लिखित जवाफ लगायतका मस्यौदा सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि बलेफी गाउँ कार्यपालिकाको कार्यालय सिन्धुपाल्चोकको तर्फबाट अधिवक्ता श्री ज्ञानेन्द्र नेपाल (प्र. प. नं. ११४१३) लाई जिम्मेवारी दिने र निजले गर्ने बहसको शुल्क प्रति बहस रु. २५,०००/- र फिराद, प्रतिउत्तर, लिखित जवाफ निवेदन लगायतको मस्यौदा सम्बन्धी कार्य गर्नका लागि निजलाई प्रति मस्यौदा रु. २०,०००/- भुक्तानी गर्ने ।
- बलेफी गाउँकार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक अन्तर्गत कार्यरत सि.अ.हे.व. (अधिकृत छैंठौं) श्री सुरेश साह सुडीले गाउँकार्यपालिकाको कार्यालयको स्वास्थ्य संयोजक भई काम गर्दा जनप्रतिनिधि र कार्यालय प्रमुखसँग समन्वय नगरी काम गर्ने गरेको, अधिकार प्राप्त अधिकारीबाट कार्यक्रम स्वीकृत नगराई आफुखुशी कार्यक्रम सञ्चालन गर्ने गरेको, कार्यक्रम सञ्चालनको लागि लिएको पेश्की रकमबाट सम्बन्धित कार्यक्रममा भएको खर्चको भुक्तानी नगरी पेश्की फछ्यौटको कागजात तयार गरी गाउँकार्यपालिकाको कार्यालयमा पेश गरेको पुष्टि भएको, कार्यक्रम सञ्चालन गर्न पेश्की लिएको तर उक्त पेश्कीबाट कार्यक्रममा सहभागीहरुलाई भुक्तानी नदिई कार्यालयले पैसा दिएको छैन भनी झुट्टा प्रचारवाजी गर्दै कार्यालय प्रति नकरात्मक प्रभाव फैलाउने गरेको, नगरेको काम गरेको हो भनी झुट्टा प्रमाण पेश गरी कार्यालयसँग भुक्तानी माग गरेको, आफूले एउटै अवधिमा फरक फरक स्थानमा फरक फरक कार्यक्रम सञ्चालन गरेको भनी झुट्टा

प्रमाण पेश गरी कार्यालयसँग भुक्तानी माग गर्ने कागजात तयार गरी कार्यालयमा पेश गरेको, कार्यक्रममा सहभागी भएका व्यक्तिहरुको किर्ते सही छाप गरी भुक्तानी लिएको, सामाजिक सञ्जालमा धम्कीपूर्ण र अपमानजनक स्टाटस लेख्ने गरेको, गाउँकार्यपालिकाका जिम्वेवार पदाधिकारी तथा कर्मचारीको उपस्थिति बेगर नै कार्यक्रमको समिक्षा गर्ने गरेको, गाउँ कार्यपालिकाको निर्णय कार्यान्वयनमा उदासिनता देखाउने गरेको, बिना अख्तियारी आफ्नो भ्रमण आदेश आफै स्वीकृत गर्ने गरेको भन्ने लगायतका विषयमा छानविन गरी सत्यतथ्य प्रतिवेदन तयार गर्न देहाय बमोजिमको पाँच सदस्य रहेको छानविन् समिति गठन गर्ने र निज सि.अ.हे.व.श्री सुरेश साह सुडीलाई अन्य स्वास्थ्य चौकीमा कामकाज गर्न खटाई कार्यालयको स्वास्थ्य संयोजकले गर्ने काम गर्न योग्य र सक्षम कर्मचारीलाई तोक्न गाउँ कार्यपालिकाको कार्यालय बलेफी सिन्धुपाल्चोकलाई निर्देशन दिने।

**छानविन समिति**

अध्यक्ष श्री गंगा बहादुर तामाङ संयोजक
उपाध्यक्ष श्री सरु लामा तामाङ सदस्य
प्र.प्र.अ.श्री देवीलाल सापकोटा सदस्य
वडा अध्यक्ष श्री हुप बहादुर खड्का सदस्य
आलेप शाखा प्रमुख श्री विजय घिमिरे सदस्य सचिव

- बलेफी गाउँपालिका वडा नं ६ को पँधेराचौरमा निर्माण भएको सिंचाईको ट्यांकीमा नजिकैको विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरु पौडी खेल्ने गरेकोले जुनसुकै बेलामा ती बालबालिकाहरु जोखिममा पर्ने देखिएको हुँदा उक्त ट्यांकीको वरपर जाली लगाउने कार्यको लागि प्राविधिक लागत अनुमानको आधारमा काम गरी मर्मत सम्भार कोषबाट भुक्तानी दिने ।
- अँधेरी मांखा सडकमा दैनिक रुपमा सार्वजनिक बस सेवा सञ्चालन भैरहेकोमा मिति २०७९/०५/०४ गते परेको अविरल वर्षादको कारण पहिरो आई बाटो अबरुद्ध भएकोले बाटो मर्मत गरे बापतको रकम कार्य मूल्यांकनको आधारमा मर्मत संभार कोषबाट भुक्तानी दिने ।
- वडा नं ३ मा जाने अवरुद्ध सडक मर्मत गरेको मेशिनको भुक्तानी दिन बाँकी रकम रु ३०,०००/- मर्मत संभार कोषबाट भुक्तानी दिने ।

- उपाध्यक्ष श्री सरु लामा तामाङज्यूको सचिवालय कर्मचारीको रुपमा वडा नं ३ निवासी श्री प्रितम कुमार तामाङ लाई काममा लगाई बलेफी गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७८ बमोजिम मासिक भुक्तानी दिने
- बलेफी गाउँपालिका सिन्धु पाल्चोकको न्यायिक समितिमा कानूनी सल्लाहकारको आवश्यकता भएकोले सूचना गरी योग्य व्यक्ति करारमा लिने
- बलेफी गाउँपालिका अन्तरगतका प्रत्येक वडाहरुमा नजिकिँदै गरेको तीज पर्वको अवसरमा स्थानीय कला संस्कृति जगेर्ना गर्ने उद्देश्यले तीज विशेष साँस्कृतिक प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्न प्रति वडा रु ५०,०००/- को दरले जम्मा रु ४,००,०००/- पेश्की दिने ।
- बलेफी गाउँपालिका वडा नं ४ को टुनीबोटे मेलडाँडा सडक मर्मतका लागि प्राविधिक लागत अनुमानको आधारमा काम गरी मर्मत सम्भार कोषबाट भुक्तानी दिने ।
- वडा नं ३ को वडा कार्यालय निर्माणको लागि जग्गा व्यवस्था र जग्गा व्यवस्थाको लागि उपाध्यक्ष श्री सरु लामा तामाङलाई जिम्मेवारी दिने र सो को लागि गाउँपालिकाले आवश्यक बजेटको व्यवस्थापन गर्ने
- वडा नं ३ को निर्माणाधिन वडा कार्यालयको गुणस्तर कायम गर्न उक्त वडा कार्यालयलाई जिम्मा दिने
- हाल बलेफी गाउँपालिका वडा नं १, २ र ३ को सामाजिक सुरक्षा भत्ता राष्ट्रिय बाणिज्य बैंक लि. मार्फत वितरण भैरहेकोमा सो बैंकको सेवा सन्तोषजनक नदेखिएकोले आगामी किस्तादेखि जलविरे बजारमा रहेको सिन्धु विकास बैंक लि मा खाता सञ्चालन गरी भत्ता वितरण गर्ने व्यबस्था मिलाउने।
- हाल बलेफी गाउँपालिका वडा नं ५, ७ र ८ को सामाजिक सुरक्षा भत्ता एनआइसी बैंक लि खाडीचौर शाखा मार्फत भैरहेकोमा सो बैंकको सेवा सन्तोषजनक नदेखिएकोले आगामी किस्तादेखि सिन्धु विकास बैंक खाडीचौर र लामोसाँघु शाखामा खाता सञ्चालन गरी भत्ता वितरण गर्ने व्यबस्था मिलाउने।
- बलेफी गाउँपालिका वडा नं ३ को कृषकहरुलाई आवश्यक रासायनिक मल लगायतका कृषि सामग्रीहरु सहज र सुलभ रुपमा आपुर्ति गर्नका लागि वडा नं ३ मै सकृयरुपमा सञ्चालनानमा रहेको सहकारी संस्थालाई विक्रेता तोक्ने ।
- वडा नं २ र ३ को कार्यालयमा छिटो छरितो नेट जडान गर्न विभिन्न नेट सर्भीस प्रोभाइडरहरुसँग समन्वय गरी सकभर छिटों जडान गर्ने ।

- श्री आनन्द मा वि जलविरमा कक्षा ११ र १२ कक्षाहरु हाल दिउँसो सञ्चालन भैरहेकोमा उक्त विद्यालयमा अध्ययन गर्न आउने अधिकांश विद्यार्थीहरु ग्रामीण भेगबाट आउने भएको हुनाले उनीहरुलाई बिहानको समय अनुकुल हुने देखिएकोले बिहानी कक्षा सञ्चालन गर्ने व्यबस्थाको लागि विद्यालयलाई पत्रचार गर्ने ।
- बलेफी गाउँपालिका वडा नं १ निवासी भीमसेन ढकालको पत्नि सरीता ढकाललाई जलविरे प्राथमिक स्वास्थ्य केन्द्रबाट सुत्केरी गराउन नसकी धुलिखेल अस्पतालमा रिफर गरी पठाउँदा लागेको गाडीभाडा रु ११,०००/- आकस्मिक कोषबाट भुक्तानी दिने ।
- बलेफी गाउँपालिका वडा नं १ भौगोलिक रुपमा टाढा रहेकोले उक्त वडामा कृषि तथा पशु सेवा शाखाबाट उपलब्ध हुने सुविधाको सहज पहुँचका लागि जलविरेमा उपशाखा स्थापना गरी सेवा सुचारु गर्ने ।
- बलेफी गाउँपालिका अन्तरगत देहाय अनुसारको वडा तथा बस्तीहरु जोड्ने झोलुङ्गे पुल निर्माणको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो

  क. शंखरे पुरानागाउँ झोलुङ्गे पुल वडा नं ६ र ७ जोड्ने

  ख. त्याङथली सिमासिङ झोलुङ्गे पुल वडा नं ३

  ग. घट्टेखोला झोलुङ्गेपुल वडा नं ४ र ६ जोड्ने

  घ. घुमसुडे झोलुङ्गे पुल वडा नं ३

कविता